**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल**

**फैसला**

**०७७-CR-१०५७**

**मुद्दाः जबरजस्ती करणी।**

परिवर्तित नाम उजेलीनगर(क) को जाहेरीले नेपाल सरकार ...............१ पुनरावेदक वादी

विरुद्ध

बुद्धिराम वि.क. छोरा चितवन जिल्ला (साविक पटिहानी गा.वि.स. वडा नं. ८) हाल भरतपुर महानगरपालिका वडा नं. १३ बस्ने राजन वि.क. ..............१ प्रत्यर्थी प्रतिवादी

**०७७-CR-१२२०**

बुद्धिराम वि.क. छोरा चितवन जिल्ला (साविक पटिहानी गा.वि.स. वडा नं. ८) हाल भरतपुर महानगरपालिका वडा नं. १३ बस्ने राजन वि.क. ..............१ पुनरावेदक प्रतिवादी

विरुद्ध

परिवर्तित नाम उजेलीनगर(क) को जाहेरीले नेपाल सरकार. ..................१ प्रत्यर्थी वादी

शुरु तहमा फैसला गर्नेः मा‍ननीय जिल्ला न्यायाधीश श्री गायत्रीप्रसाद रेग्मी
चितवन जिल्ला अदालत
फैसला मितिः २०७६।८।२२

पुनरावेदन तहमा फैसला गर्नेः माननीय न्यायाधीश श्री मुहम्मद साविर हुसैन
माननीय न्यायाधीश श्री हरिप्रताप के.सी.
उच्च अदालत पाटन, हेटौंडा इजलास
फैसला मितिः २०७७।८।१६

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) बमोजिम वादी नेपाल सरकार तथा प्रतिवादी दुवै तर्फबाट पुनरावेदन पत्र दायर भई यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यंस प्रकार छः

## तथ्य खण्ड

१. म जाहेरवालाको छोरी वर्ष १२ की हाल नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ मिति २०७५/०७/२४ गतेका दिन साँझ साथीहरुसंग भैलो खेल्नका लागि जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.१३ गंगानगर तर्फ गएकीमा भैलोमा नाच्ने व्यक्ति रजिना परियार नआई पुगेकीले निजलाई लिन भनि अन्यायी राजन बि.क.ले वाईकमा राखी रजिना परियारको घर उजेलीनगर जाने भनि गएका थिए। उजेलीनगर तर्फ नगई निज अन्यायीले छोरीलाई जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. २२ पकौडी स्थित एकान्त सुनसान ठाउँमा धान खेतमा लगी जबरजस्ती छोरीले लगाएको पाईन्ट र पेन्टी खोली धान खेतमा सुताई एक हातले मुख थुनी, एक हातले घाटी अठ्याई, डर त्रासमा पारी ऐ. राती ०७.३० बजेको समयमा जबरजस्ती करणी गरी छोरीको योनीमा बिर्य स्खलन गराई छाडी दिई भागी फरार रहेका हुँदा निजलाई पक्राउ गरी कानुनी कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको वर्ष ३१ की नाम परिवर्तित उजेलीनगर (क) को जाहेरी दरखास्त।

२. जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.२२ पटिहानी स्थित पुर्बमा रेडक्रस भवन जाने बाटो, पश्चिममा पटिहानी कुलो, उत्तरमा २२ नं. वडा कार्यालय जाने बाटो र दक्षिणमा राज उपाध्यायको खेत जग्गामा परालको थुप्रो रहेको उक्त परालको थुप्रोमा निज राज

बि.क. ले अं.बर्ष १२ की ३५ भरतपुर (२१) लाई जबरजस्ती करणी गरेको हो भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का।

३. पीडितले लगाएको कपडा भिजेको, माटो लागेको, Old healed scer भन्ने समेत व्यहोराको नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ को स्वास्थ्य परीक्षण प्रतिवेदन र स्वास्थ्य अवस्था सामान्य रहेको भन्ने समेत व्यहोराको प्रतिवादी राजन बि.क.को स्वास्थ्य परीक्षण प्रतिवेदन।

४. म मिति २०७५/०७/२४ गतेका दिन साँझ हाल नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ को गाँउघरमा घुम्दै जाँदा निज लगायत निजको साथीहरुलाई देउसी भैलो खेल्दै थिए। निजसंग नाच्ने निजको साथी रोजिना परियार नआएको कारण निजलाई लिन भनि हाल नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ लाई वाईक राखी रोजिना परियारको घर नजिकको बाटोमा जाँदा निजलाई सो स्थानमा नदेखे पछि जिस्कदै फर्कने क्रममा निजलाई मैले जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. २२ पकौडी स्थित धान खेतमा सुताई करणी गर्ने उद्देश्यले निजको पाइन्ट र पेन्टी कट्टु खोली मेरो लिङ्ग निजको योनीमा छिराउन लाग्दा निज चिच्याई रोएपछी छाडी दिएको हुँ भन्ने समेत व्यहोरा प्रतिवादी राजन बि.क. ले मौकामा अनुसन्धान अधिकारीसमक्ष गरेको बयान कागज।

५. मिति २०७५/०७/२४ गतेका दिन अं.०५.०० बजेको समयमा साथीहरुसंग गाउँ घरमा देउसी भैलो खेल्नका लागि गएका थियौ। मेरो साथी रजिना परियार देउसी भैलो खेल्न आएकी थिईन, निजलाई लिनको लागि मोटर साईकलमा राखी साथीलाई लिन गएको अवस्थामा निजले मलाई साथीको घर नपुऱ्याई जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.२२ स्थितमा रहेको धन खेतमा लगी जबरजस्ती मेरो पाईन्ट र पेन्टी खोली दिई, खेतमा सुताई रोई कराई गर्दा मेरो मुख थुनी योनीमा लिङ छिराई सेतो बस्तु झारी दिएको हो। यो कुरा कसैलाई भन्यो भने ज्यान मारी दिन्छु भनि धाक धम्की देखाई घर नजिकै ल्याई छाडि दिई भागी फरार रहेको हो भन्ने समेत व्यहोराको नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ को कागज।

६. मिति २०७५/०७/२४ गते राती अं.१९.३० बजेको समयमा जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.१३ बस्ने राजन बि.क. ले देउसी भैलो खेल्न गएका जाहेरवालाको छोरी

हाल नाम परिवर्तित बर्ष १२ की ३५ भरतपुर (२१) ०७५/०७६ लाई मोटर साईकलमा राखी देउसी भैलोमा नाच्ने, डान्स गर्ने ग्रुपका रजिना परियारलाई घरमा लिन जान्छु भनि गएको अवस्थामा राजन बि.क.ले रजिना परियारको घर तर्फ नलगी जबरजस्ती जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. २२ पकौडी स्थित एकान्त ठाउँमा लगी जाहेरवालाको छोरी नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ लाई धान खेतमा सुताई पाईन्ट तथा पेन्टी खोली एक हातले मुख थुनी योनीमा उत्तेजित लिङ छिराई करणी गरेको सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको अरुणा तामाङको कागज।

७. मिति २०७५/०७/२४ गते राती अं.१९.३० बजेको समयमा जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.१३ बस्ने राजन बि.क.ले देउसी भैलो खेल्न गएका जाहेरवालाको छोरी हाल नाम परिवर्तित बर्ष १२ की ३५ भरतपुर (२१) ०७५/०७६ लाई मोटर साईकलमा राखी देउसी भैलोमा नाच्ने, डान्स गर्ने ग्रुपका रजिना परियारलाई घरमा लिन जान्छु भनि गएको अवस्थामा राजन बि.क.ले रजिना परियारको घर तर्फ नलगी जबरजस्ती जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.२२ पकौडी स्थित एकान्त ठाउँमा लगी जाहेरवालाको छोरी नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ लाई धान खेतमा सुताई पाईन्ट तथा पेन्टी खोली एक हातले मुख थुनी योनीमा उत्तेजित लिङ छिराई करणी गरेको सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको साबित्री ओलीको कागज।

८. मिति २०७५/०७/२४ गते राती अं.१९;३० बजेको समयमा जिल्ला चितवन भरतपुर म.न.पा.वडा नं.१३ बस्ने राजन बि.क.ले देउसी भैलो खेल्न गएका जाहेरवालाको छोरी हाल नाम परिवर्तित बर्ष १२ की ३५ भरतपुर(२१) ०७५/०७६ लाई मोटर साईकलमा राखी देउसी भैलोमा नाच्ने, डान्स गर्ने ग्रुपका रजिना परियारलाई घरमा लिन जान्छु भनि गएको अवस्थामा राजन बि.क.ले रजिना परियारको घर तर्फ नलगी जबरजस्ती जिल्ला चितवन भरतपुर म.न.पा.वडा नं.२२ पकौडी स्थित एकान्त ठाउँमा लगी जाहेरवालाको छोरी नाम परिवर्तित ३५ भरतपुर(२१) ०७५/०७६ लाई धान

खेतमा सुताई पाईन्ट तथा पेन्टी खोली एक हातले मुख थुनी योनीमा उत्तेजित लिङ छिराई करणी गरेको सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको जिना गुरुङको कागज।

२. मिति २०७५/०७/२४ गते राती म तथा मेरो टोलका केटाकेटीहरु, राजन बि.क.समेत गरी एउटा ग्रुप बनाई देउसी भैलो खेल्न गएका थियौ। देउसी भैलो ग्रुपका एक जना साथी रजिना परियार आएको थिईन। सबैको सर सल्लाह बमोजिम रजिना परियारलाई घरबाट ल्याउनको लागि मिति २०७५/०७/२४ गते राती अं.१९;३० बजेको समयमा राजन बि.क.को मोटर साईकलमा बहिनी हाल नाम परिवर्तित ३५ भरतपुर (२१)०७५/०७६ लाई पठाएकोमा निज राजन बि.क. र बहिनी २ घन्टासम्म हराएपछि हामी सबै भैलो ग्रुपका मानिसहरुले शंखा लागि राजन बि.क.लाई खोज तलास गर्ने क्रममा मिति २०७५/०७/२४ गते राती २१;३० बजेको समयमा जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.१३ गंगानगर फेला पारि खोई बहिनी भनि सोधपुछ गर्दा घर नजिक छोडेको भनि भागी फरार रहेको हो। निज बहिनीको घर नजिक जाँदा बहिनीको शरिर भरि हिलो धुलो र कपालमा भताभुंग अवस्थामा देखि के भयो भनि सोधपुछ गर्दा राजन बि.क.ले धान खेतमा सुताई पाईन्ट तथा पेन्टी खोली एक हातले मुख थुनी योनीमा उत्तेजित लिङ छिराई बिर्य स्खलन गराई दिएको, यो कुरा भनिस भने मारी दिन्छु भनेको छ भनि बहिनीले भनेपछि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको दिपा परियारको कागज।

). मिति २०७५/०७/२४ गते राती म तथा मेरो टोलका केटाकेटीहरु, राजन बि.क.समेत गरी एउटा ग्रुप बनाई देउसी भैलो खेल्न गएका थियौ। देउसी भैलो ग्रुपका एक जना साथी रजिना परियार आएको थिईन। सबैको सर सल्लाह बमोजिम रजिना परियारलाई घरबाट ल्याउनको लागि मिति २०७५/०७/२४ गते राती अं.१९;३० बजेको समयमा राजन बि.क.को मोटर साईकलमा बहिनी हाल नाम फरिवर्तित ३५ भरतपुर (२१)०७५/०७६ लाई पठाएकोमा निज राजन बि.क.र बहिनी २ घन्टासम्म हराएपछि हामी सबै भैलो ग्रुपका मानिसहरुले शंखा लागि राजन बि.क.लाई खोज तलास गर्ने क्रममा मिति २०७५/०७/२४ गते राती २१;३० बजेको समयमा जिल्ला चितवन भरतपुर म.न.पा.वडा नं.१३ गंगानगर फेला पारि खोई बहिनी भनि सोधपुछ गर्दा घर

नजिक छोडेको भनि भागी फरार रहेको हो। निज बहिनीको घर नजिक जाँदा बहिनीको शरिर भरि हिलो धुलो र कपालमा भताभुंग अवस्थामा देखि के भयो भनि सोधपुछ गर्दा राजन बि.क.ले धान खेतमा सुताई पाईन्ट तथा पेन्टी खोली एक हातले मुख थुनी योनीमा उत्तेजित लिङ छिराई बिर्य स्खलन गराई दिएको, यो कुरा भनिस भने मारी दिन्छु भनेको छ भनि बहिनी भनेपछि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको रुपा परियारको कागज।

११. मिति २०७५/०७/२४ गतेका दिन अं.०७;३० बजेको समयमा म आफ्नै घरमा थिए। निज प्रतिवादी राजन बि.क.लाई म चिन्दिन। नाम परिवर्तित ३५ भरतपुर (२१)०७५/०७६ मेरो साथी हुन र हामी एउटै गाउँको छिमेकी पनि हौ। मिति २०७५/०७/२३ गतेका दिन म हाल नाम परिवर्तित ३५ भरतपुर (२१)०७५/०७६ लगायतका साथीहरुसंग देउसी भैलो खेल्न गएका थिए। निज र म देउसी भैलोमा नाच्ने(डान्स) गर्ने गर्दथ्यौ। मिति २०७५/०७/२४ गतेका दिन साँझ मेरो आमा, बुवाले चाडो हुन्छ, राती राती देउसी भैलो खेल्न जानु गर्दैन भनि मलाई गाली गर्नु भएको कारण म सो दिन देउसी भैलो खेल्न गईन। निजसंग नाच्ने साथी नभएको कारण सबैको सल्लाह अनुसार मलाई लिनको लागि राजन बि.क. ले निजलाई मोटर साईकलमा राखी मेरो घर तर्फ आउने क्रममा निज राजन बि.क.ले मेरो साथीलाई मेरो घरमा नल्यांई अकैं बाटो लगी जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं.२२ पकौडी स्थित धान खेतमा बलत्कार गरेको भन्ने कुरा मिति २०७५/०७/२५ गतेका दिन गाउँ घरमा हो हल्ला हुँदा सुनि थाहा पाएको हुँ भन्ने समेत व्यहोराको रजिना परियारको कागज।

१२. मिति २०७५/०७/२४ गते राती अं.१९.३० बजेको समयमा वर्ष १२ की नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ समेत गाउँघरमा साथी भाई देउसी भैलो खेल्न गएको अवस्थामा साथी रजिना परियारलाई लिनको लागि प्रतिवादी राजन बि.क. र पीडितलाई पठाईएकोमा निज प्रतिवादीले पीडितको साथी रजिना परियारको घरमा नगई जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. २२ पकौडी स्थित सुनसान रहेको धान खेतमा लगी पीडितले लगाएको पाईन्ट र पेन्टी खोली, आफ्नो समेत कपडा खोली भुई जमिनमा सुताई उत्तेजित लिङ पीडितको योनीलाई छिराई जबरजस्ती करणी गरी छोडि गएको

देखिंदा निज प्रतिवादी राजन वि.क. ले गरेको उल्लेखित कार्य मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (१), उपदफा (२) र उपदफा ३ को देहाय (ख) अनुसारको कसूर अपराध भएको देखिंदा निज प्रतिवादी राजन वि.क. लाई ऐ. मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा ३ को देहाय (ख) वमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग मागदावी।

१३. जाहेरी दरखास्त व्यहोरा झूठ्ठा हो। मैले नाम परिवर्तित गरिएको ३५ भरतपुर(२१) ०७५/०७६ लाई जबरजस्तीकरणी गरेको छैन। मिति २०७५/०७/२४ गतेका दिन पीडित समेतका ग्रुपहरु मेरो घर नजिकै देउसी भैलो खेलिरहेका थिए। निजले साथीलाई लिन जाँउ भनेकोले साथीको घर अगाडीको बाटो सम्म छोडीदिएकोमा साथी बाटोमा नदेखेकोले निजलाई मेरो बाइकमा राखी निजको घरमा पुर्‍याई दिएको हो। तिजको समयमा पीडितको आमा संग झगडा भएकोले सोही रिसले मलाई फसाएका हुन्। निजलाई जबरजस्तीकरणी गरेको छैन भन्ने समेत व्यहोराको प्रतिवादी राजन वि.क.ले अदालतमा गरेको वयान।

१४. मिति २०७५/०७/२५ गतेको कागज व्यहोरा र सोमा भएको सहि छाप मेरो हो। निजले पकौडा घुम्न लगेपछी घटना भएको ठाँउमा पुगे पछी मलाई निजले जबरजस्ती वारीमा लगेर मेरो लुगा कपडा खोलिदिएर जबरजस्तीकरणको कार्य गरेको हो। निजले मेरो घाँटी समेत अठ्याएको थियो। उक्त ठाँउमा बस्ती थिए एकान्त ठाँउ भएकोले हार गुहार गर्न सकिन। निजले साथी लिन जाने भनेकोमा निजले अन्त लगेको हो निजले २ घण्टाको समयमा २/३ पटक करणी गरेका हुन्। निजले नै मलाई घरमा लगी छोडेका हुन्, मैले तत्काल अभिभावकलाई घटनाको बारेमा जानकारी गराएको हो भन्ने समेत व्यहोरको पीडित नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ ले अदालतमा गरेको वकपत्र।

१५. जाहेरी दरखास्त व्यहोरा र सोमा भएको सही छाप मेरो हो। म घरमा आउँदा छोरी घरमा नदेखे पछी छोरी खै भनी गाँउको मानिसलाई सोध्दा भैलो खेल्न गएको कुरा थाहा भयो। खाना खाई सुतेकोमा राती ११ बजको समयमा गाँउका मानिसले बोलाए पछी वाहिर निस्किदा प्रहरी आएको देखेर के रहेछ भनि बुझ्दा राजन वि.क.ले छोरीलाई

जवरजस्तीकरणी गरेको कुरा गाउँका मानिसले भनेर थाहा पाएको हुँ। भोलीपल्ट छोरीलाई सोध्दा छोरीले भनेर थाहा भएको हो। छोरीले तत्काल मेरो दिदीलाई भनेको र दिदीले मलाई भनी थाहा पाएको हो। छोरीको कपडा भरी हिलो र टाउकोमा माटो लागेको थियो। उ हिडन नसक्ने अवस्थामा थिई भन्ने समेत व्यहोराको नाम परिवर्तित उजेलीनगर(क) ले अदालतमा गरेको बकपत्र।

१६. मिति २०७५/०५/१० गतेको कागज व्यहोरा र सोमा भएको सहि छाप मेरो हो। घटनाको बारेमा थाहा भएको कुरा कागजमा नै उल्लेख गरेको छु। उक्त दिन साथीहरु मिली घर नजिकै भैलो खेल्न गएका थियौं। निजलाई साथीहरुले लगातार सोधपुछ गर्दा निजले नै भनेपछि थाहा पाएको हो। पीडितको अवस्था हेर्दा करणी भएको जस्तो थियो। प्रतिवादीको भनाई झुठा हो भन्ने समेत व्यहोराको बुझिएका मानिस रुपा परियारले अदालतमा गरेको बकपत्र।

१७. उक्त मिति २०७५/०७/२४ गते बेलुका भैलो खेल्ने क्रममा राजन वि.क. हामी संगै थिए। निज र म समेतले पीडितलाई निजको घरसम्म लगेर छाडी राजन वि.क. र म लगाएतका साथी घर फर्केको हो। निज प्रतिवादीलाई झुठा आरोप लागेको हो। निजले पीडितलाई जवरजस्तीकरणी गरेका होइनन्। सुने अनुसार तिजमा झगडा भएको कारण झूठ्ठा मुद्दा दायर गरेका हुन्। निज निदोर्ष भएको हुँदा सफाई पाउनु पर्छ भन्ने समेत व्यहोराको प्रतिवादी राजन वि.क.को साक्षी रञ्जित विष्टले अदालतमा गरेको बकपत्र।

१८. मिति २०७५/०५/१० गतेको कागज व्यहोरा र सोमा भएको सहि छाप मेरो हो। प्रतिवादीलाई कडा भन्दा कडा सजाय हुनुपर्छ। घटना घटेको दिनमा म आफ्नै घरमा थिए। फोनबाट घटनाको बारेमा थाहा भएको हो। विहान आउँदा खेरी बच्चाको हालत एकदम हिलो मैलो र हिड्नै नसक्ने अवस्थाको थियो। शरीरमा निलडाम पनि परेको देखेको थिए भन्ने समेत व्यहोराको बुझीएका मानिस जिना गुरुङले चितवन जिल्ला अदालतमा गरेको बकपत्र।

१९. मिति २०७५/०५/१० गतेको कागज व्यहोरा र सोमा भएको सहि छाप मेरो हो। प्रतिवादीलाई कडा भन्दा कडा सजाय हुनुपर्छ सके सम्म जन्म कैद हुनुपर्छ। घटना घटेको दिनमा म भरतपुर महानगरपालिका वडा नं. २२ मा रहेको आफन्तको घरमा

गएको थिए। रातीको १२ बजेतिर हो हल्ला हुँदा थाहा पाएको हो नानी चाही हिल्लो मै भएको देखेको हो भन्ने समेत व्यहोराको बुझीएका मानिस सावित्री ओलीले चितवन जिल्ला अदालतमा गरेको बकपत्र।

२०. मिति २०७५/०७/२५ गतेको स्वास्थ्य परीक्षण प्रतिवेदनमा लेखिएको व्यहोरा र सही छाप मेरो हो। पीडितको स्वास्थ्य परीक्षण गर्दा शरीरमा पुराना घाउ खतहरु थिए, नयाँ घाउ चोटपटक, निलडाम, संघर्षका चिन्हहरु थिएनन्। मानसिक अवस्था सामान्य थियो। पीडितको शरीरमा नयाँ घाउ, खतका चिन्हहरु देखिएको थिएन। सो आधारमा करणी भए नभएको एकिनका साथ खुलाउन सकिदैन भन्ने समेत व्यहोराको पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सक डा. जिवन परियारले चितवन जिल्ला अदालतमा गरेको बकपत्र।

२१. प्रतिवादी राजन वि.क.ले अदालतमा कसूर गरेकोमा पूर्ण इन्कार रहे तापनि मौकामा अनुसन्धान अधिकारी समक्षको बयानमा पकौडीस्थित धानखेतमा गई पीडितको पाइन्ट र पेन्टी खोली दिई आफ्नो पाइन्ट समेत खोली पीडितलाई जमिनमा सुताई करणीको प्रयास गर्दा पीडित चिच्याई रोएपछि छाडिदिएको हुँ भनी करणीको उद्योग गरेकोमा सावित रही गरेको वयान, पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा शरीरमा र खुट्टाहरुमा माटो र बालुवा रहेको भन्ने देखिएको र सोको थप पुष्टि घटनास्थल मुचुल्काबाट भई प्रतिवादी राजन वि.क.ले पीडितलाई करणी गर्ने उद्योगसम्म गरेको देखिंदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) (२) र (३) को देहाय (ख) को आधारमा र ऐ. संहिताको दफा ३४ अनुसार ७ बर्ष कैद सजाय हुने र प्रतिवादीको सम्पत्ति नदेखिएको भन्ने मालपोत कार्यालयको पत्रबाट जानकारी भएकाले नेपाल सरकारबाट रु १,००,०००।- (एक लाख) क्षतिपूर्ति पीडितले भराई पाउने ठहर्छ भन्नेसमेत वेहोराको शुरु चितवन जिल्ला अदालतबाट मिति २०७६।८।२२ मा भएको फैसला।

२२. प्रस्तुत मुद्दामा म पुनरावेदक राजन वि.क.ले २ घण्टाको अन्तरालमा २/३ पटक करणी गरेको भए कथित वारदात भएको भोलिपल्ट निज नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ को स्वास्थ्य परीक्षण हुँदा पीडितको योनी सुन्निएको, रातो भएको कन्याजाली च्यातिएको देखिनुपर्ने हुन्छ। उक्त कुनै लक्षण देखा नपर्नु र पुरुष बीर्य फेला समेत

नपरेको हुँदा पीडितको बकपत्र म पुनरावेदक प्रतिवादीलाई कसूर बेगर नै फँसाउन नियतवश गरिएको बकपत्र हो भन्ने पुष्टि भएको छ। स्वास्थ्य परीक्षण प्रतिवेदनबाट जबरजस्ती करणी गरेको पुष्टि नभएको अवस्थामा समेत कसूदार कायम गरी ७ (सात) बर्षको कैद सजाय गर्ने गरी भएको शुरु फैसला नमिलेकोले उल्टी गरी अभियोग दावीबाट सफाइ पाउँ भन्नेसमेत बेहोराको प्रतिवादी राजन वि.क.को पुनरावेदनपत्र।

२३. प्रतिवादी राजन वि.क.को मौकाको बयानबाटसमेत पीडित नाम परिवर्तित उजेलीनगर (क) लाई हिलो जमिनमा लडाएको, पीडितले प्रतिकार गर्न नसकेको र पीडित चिच्याएका कारण घटनास्थलबाट प्रतिवादी राजन वि.क. भागेको अवस्था हुँदा जबरजस्ती करणी गरी फरार भएको तथ्य स्थापित हुन्छ। शुरुबाट पीडितको शारीरिक अवस्था दयनीय रहेको, हिंडडुल गर्न सक्ने अवस्थामा नरहेको, शरीरभरि हिलो लागेको, सो हिलो लाग्नुमा प्रतिवादीसंग प्रतिकार गर्न नसक्नुका कारण हो भनी पीडितको बकपत्रबाट पुष्टि हुन गएबाट प्रतिवादी राजन वि.क.लाई जबरजस्ती करणी उद्योगतर्फको कसूरमा सजाय गर्ने गरी भएको शुरु फैसला नमिलेकोले उल्टि गरी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरिपाउँ भन्ने समेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदनपत्र।

२४. यौनजन्य शारीरिक परीक्षण प्रतिवेदनमा पीडितको शरीरमा चोटपटक, निलडाम नभएको, योनी सुन्निएको, च्यातिएको नदेखिएको भन्ने व्यहोरा उल्लेख भएको परिप्रेक्ष्यमा शुरु चितवन जिल्ला अदालतको मिति २०७६।०८।२२ को फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ वादी तथा प्रतिवादीको पुनरावेदनपत्र र आदेशको प्रमाणित दुबै पक्षलाई दिई परस्पर जानकारी गराई नियमानुसार गरी पेश गर्नू भन्ने उच्च अदालत पाटन, हेटौडा इजलासको मिति २०७७।०६।१४ को आदेश।

२५. प्रतिवादीलाई जबरजस्ती करणी उद्योगको कसूर ठहर गरी सजाय गर्ने गरेको चितवन जिल्ला अदालतको मिति २०७६।०८।२२ को फैसला सो हदसम्म मिलेकै देखिंदा सदर हुने र जबरजस्ती करणी उद्योगको कसूर ठहर भएको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम क्षतिपूर्ति भराइरहन पर्ने अवस्था नदेखिंदा नेपाल सरकारबाट रु.१,००,०००।- (एक लाख) क्षतिपूर्ति पीडितलाई भराई दिने ठहर्‍याएको

शुरु फैसला सो हदसम्म मिलेको नदेखिंदा केही उल्टि भै पीडितलाई क्षतिपूर्ति भराई दिन नपर्ने ठहर्छ। अरुमा वादी नेपाल सरकार र प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने व्यहोराको उच्च अदालत पाटन, हेटौडा इजलासको फैसला।

२६. प्रतिवादी राजन वि.क. उपर जाहेरवाली (पीडितको आमा)को किटानी जाहेरी दर्खास्त रहेको, पीडितले कागज गर्दा प्रतिवादीले धान खेतमा लगी जबरजस्ती मेरो पाइन्ट र पेन्टि खोली दिई खेतमा सुताई रोई कराई गर्दा मेरो मुख थुनी योनीमा लिङ्ग छिराई सेतो वस्तु झारी दिएको भनी कागज गरिदिएकी, जाहेरवाला र पीडितको सो व्यहोरा समर्थन गर्ने गरी अदालत समक्ष बकपत्र समेत भएको, पीडितले लगाएको कपडा भिजेको, माटो लागेको भन्ने परीक्षण प्रतिवेदनबाट देखिएको, प्रतिवादीले मौकामा बयान गर्दा पीडितलाई धान खेतमा सुताई करणी गर्ने उद्देश्यले पाइन्ट र पेन्टि खोली मेरो लिङ्ग निजको योनीमा छिराउन खोज्दा निज चिच्याई रोएपछि छाडिदिएको हुँ भन्ने व्यहोरा उल्लेख गरेको र प्रतिवादीको मौकाको बयानवाट समेत पीडितलाई हिलो जमिनमा लडाएको कारणबाट पीडितले प्रतिकार गर्न नसकेको र पीडित चिच्याएका कारण घटनास्थलवाट भागेको अवस्था हुँदा यी प्रतिवादीले पीडितलाई घटनास्थलमा लडाई जबरजस्ती करणी गरी फरार भएको तथ्य स्थापित हुँदाहुदै प्रतिवादी उपरको दावी परिवर्तन गरी जबरजस्ती करणी उद्योगको कसूर ठहर गरी प्रतिवादीलाई कम सजाय गर्ने र पीडितलाई क्षतिपूर्ति भराउने ठहर गरी भएको शुरु फैसला उल्टी गरी सजायको हकमा सदर हुने र पीडितलाई क्षतिपूर्ति नभराउने गरी भएको उच्च अदालतको फैसला त्रुटीपूर्ण हुँदा बदर गरी यी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी क्षतिपूर्ति समेत दिलाई पाउँ भन्ने व्यहोराको नेपाल सरकारको पुनरावेदन पत्र।

२७. मुद्दाको अनुसन्धानको क्रममा संकलित सबुद प्रमाण तथा पीडित वा निजका सहयोगीहरुको समेत भनाईवाट कहि कतै पनि मैले पीडित भनिएको बहिनीलाई करणी गर्ने मनसायले धान खेतमा लगी जबरजस्ती करणी गर्न खोज्दा निजको अवरोध वा अन्य कुनै कुराको अवरोध वा रोकावटको कारण करणीको कार्य हुन नसकेको भन्ने भनाइ वा जिकिर कहि कतै रहेको छैन। केवल पीडितको भनाईलाई आधार बनाई मैले धान खेतको एकान्त स्थलमा लगी २ घण्टा सम्म निजको मुख थुनी २/३ पटक सम्म

जबरजस्ती करणी गरेको र सो पछि मोटरसाइकलमा नै निजको घर सम्म ल्याइ दिएको भन्ने भनाई कै आधारमा नै यो मुद्दाको सम्पुर्ण प्रकृया घुमी रहेको छ। जबकी मैले पीडित भनिएकी बहिनीसंग निजको भनाई बमोजिम करणी पनि भएको होइन र सो सम्बन्धमा कुनै गतिविधी समेत भएको नहुदा सो कथन नै झट्टा हो भन्ने कुरा पीडितको शारिरीक परीक्षण रिपोर्ट समेतबाट प्रष्ट रहेको अवस्थामा जबरजस्ती करणीको उद्योगमा सजाय गर्ने गरी भएको शुरु अदालतको फैसंलालाई कैदको हकमा सदर गर्ने गरी गरिएको उच्च अदालतबाट भएको फैसला उल्टी गरी झुटा अभियोग दावीबाट सफाई पाउँ भन्ने समेत व्यहोराको प्रतिवादी राजन वि.क.को पुनरावेदन पत्र।

२८. यसमा वादी प्रतिवादी दुबै पक्षहरुको तर्फबाट पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दामा उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७७।०८।१६ मा जबरजस्ती करणी उद्योगको कसूर ठहर भएको अवस्थामा पीडितलाई क्षतिपूर्ति भराई रहन नपर्ने भनी भएको फैसलामा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ को व्याख्यात्मक प्रश्न रही विचारणीय देखिँदा दुबै पक्षलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १४०(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६७ बमोजिम पुनरावेदन परस्पर देखाई सुनाउने प्रयोजनार्थ पुनरावेदक नेपाल सरकारको तर्फबाट दर्ता भएको पुनरावेदन पत्रको जानकारी प्रतिवादी राजन वि.क.लाई दिनू। साथै पुनरावेदक प्रतिवादी राजन वि.क.को तर्फबाट दर्ता भएको पुनरावेदन पत्रको जानकारी सहित पेशीको सूचना महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमानुसार पेस गर्नुहोला भन्ने व्यहोराको यस अदालतको मिति २०८१।१।२१ को आदेश।

## ठहर खण्ड

२९. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदन पत्र सहितको मिसिल संलग्न कागजात अध्ययन गरियो।

३०. वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री सविता शर्माले प्रतिवादी उपर किटानी जाहेरी दरखास्त रहेको, जाहेरीलाई समर्थित हुने गरी पीडितको अनुसन्धानको क्रममा कागज भई अदालतमा बकपत्र भएको छ। प्रतिवादीले अधिकारी प्राप्त अधिकारी समक्ष साबित रही बयान गरेको अवस्था छ। घटना विवरण कागज गर्ने

व्यक्तिहरुले अदालतमा गरेको बकपत्रसमेतको प्रमाणहरुबाट प्रतिवादीले पूर्ण कसूर गरेको देखिन्छ। यस अवस्थामा अभियोग दावीबमोजिमको कसूर ठहर गर्नुपर्नेमा उद्योगको कसूरमात्र ठहर गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण छ। उद्योगको कसूरमा क्षतिपूर्ति भराउनु नपर्ने भन्ने उच्च अदालतको फैसला कानूनसम्मत छैन। यसैले प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरी पीडितलाई क्षतिपूर्ति भराई पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

१. त्यसैगरी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री तिल बहादुर भट्टराईले मेरो पक्षले आरोपित कसूरमा इन्कार रही अदालतमा बयान गरेको छ। पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट पीडितको स्वास्थ्य सामान्य रहेको तथा जबरजस्ती करणीका कुनै संकेत रहे भएको देखिदैंन। शंकाका आधारमा मेरो पक्षलाई कसूरदार ठहर गर्न मिल्दैन। मेरो पक्षले कसूर गरेको पुष्टि हुने प्रमाणको अभाव छ। यस अवस्थामा मेरो पक्षलाई जबरजस्ती करणीको उद्योगको कसूर ठहर गरी सजाय गरेको उच्च अदालतको फैसला त्रुटिपूर्ण रहेकाले उल्टी गरी मेरो पक्षलाई अभियोग मागदावीबाट सफाई दिलाई पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

२. यसमा मिति २०७५/०७/२४ गते राती अं.१९.३० बजेको समयमा वर्ष १२ की नाम परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ लाई प्रतिवादी राजन वि.क.ले जबरजस्ती करणी गरी निजले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २१९ को उपदफा (१), उपदफा (२) र उपदफा (३) को देहाय (ख) अनुसारको कसूर गरेको देखिंदा निज प्रतिवादी राजन वि.क.लाई ऐ. ऐनको दफा २१९ को उपदफा ३ को देहाय (ख) वमोजिम सजाय गरी पाउँ भनी अभियोग दायर भएकोमा प्रतिवादी राजन वि.क.ले पीडितलाई करणी गर्ने उद्योगसम्मको कसूर गरेकोले निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१), (२) र (३) को देहाय (ख) को आधारमा र ऐ. संहिताको दफा ३४ अनुसार ७ बर्ष कैद सजाय हुने र प्रतिवादीको सम्पत्ति नदेखिएको भन्ने मालपोत कार्यालयको पत्रबाट जानकारी भएकाले नेपाल सरकारबाट रु १,००,०००।- (एक लाख) क्षतिपूर्ति पीडितले भराई पाउने ठहर्छ भनी जिल्ला अदालतबाट फैसला भएको रहेछ। सो उपर नेपाल सरकार तथा प्रतिवादी दुवै

तर्फबाट पुनरावेदन दायर भई कैदको हकमा सदर तथा क्षतिपूर्तिको हकमा केही उल्टी भई पीडितलाई क्षतिपूर्ति भराई दिन नपर्ने ठहर गरी उच्च अदालतबाट फैसला भए उपर पुनः वादी प्रतिवादी दुवै पक्षको तर्फबाट यस अदालतमा पुनरावेदन दायर हुन आएको देखियो।

३३. उपर्युक्त तथ्य भएको प्रस्तुत मुद्दामा दुवै पक्षका कानून व्यवसायीहरुले प्रस्तुत गर्नु भएको बहस जिकीर सुनी मिसिल अध्ययन गरी हेर्दा देहायका प्रश्नमा केन्द्रित भई निर्णय दिनुपर्ने देखियोः

१. प्रस्तुत मुद्दामा जबरजस्ती करणीजन्य कसूरको वारदात घटित भएको छ वा छैन?
२. जबरजस्ती करणीजन्य वारदात घटित भएको भए सो अभियोग दावीबमोजिम जबरजस्ती करणीको पूर्ण कसूर हो वा जबरजस्ती करणीको उद्योगको कसूर हो?
३. प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने हो वा होइन ?
४. उच्च अदालतबाट मिति २०७७।८।१६ मा भएको फैसला मिलेको छ वा छैन? वादी नेपाल सरकार तथा प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्ने हो वा होइन?

३४. पहिलो प्रश्न अर्थात **प्रस्तुत मुद्दामा जबरजस्ती करणीजन्य कसूरको वारदात घटित भएको छ वा छैन ?** भन्ने सम्बन्धमा हेर्दा, पीडित बर्ष १२ की नाबालिक रहेको कुरामा कुनै विवाद छैन। निज पीडित साथीहरुसंग भैलो खेल्नका लागि गएकीमा भैलोमा नाच्ने व्यक्ति रजिना परियार नआई पुगेकीले निजलाई लिन राजन बि.क.को साथमा वाईकमा गएकोमा निज प्रतिवादीले एकान्त सुनसान ठाउँमा रहेको धान खेतमा लगी जबरजस्ती छोरीले लगाएको पाईन्ट र पेन्टी खोली धान खेतमा सुताई एक हातले मुख थुनी, एक हातले घाटी अठ्याई, डर त्रासमा पारी ऐ. राती ०७.३० बजेको समयमा जबरजस्ती करणी गरी छोरीको योनीमा बिर्य स्खलन गराई छाडी दिई भागी फरार रहेको भन्ने जाहेरी रहेकोमा सो जाहेरीलाई समर्थित हुने गरी निज जाहेरवालाले अदालतमा पनि बकपत्र गरेको देखिन्छ। जबरजस्ती करणी मुद्दामा पीडित आफै प्रत्यक्षदर्शी प्रमाण हो। प्रतिवादीले धान खेतमा लगी जबरजस्ती मेरो पाईन्ट र पेन्टी खोली दिई, खेतमा सुताई रोई कराई गर्दा मेरो मुख थुनी योनीमा लिङ्ग छिराई सेतो बस्तु झारी दिएको हो भनी अनुसन्धानका क्रममा पीडितले कागज गरेकोमा अदालतमा पनि सोही बेहोरा समर्थित हुने गरी बकपत्र

गरेको देखिन्छ। साथै, बुझिएका मानिस रुपा परियार, जिना गुरुङले र सावित्री ओलीले पनि अनुसन्धानका क्रममा कागज गरी अदालतमा पनि प्रतिवादीलाई सजाय हुनुपर्ने भनी बकपत्र गरेको पाइन्छ। यसरी पीडित, जाहेरवाला र बुझिएका व्यक्तिले गरेका यी बकपत्रहरु प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्राह्य रहेको देखियो।

३५. प्रतिवादी राजन वि.क.ले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेको भएपनि अधिकार प्राप्त अधिकारी समक्ष पीडितलाई बाइकमा राखी निजको साथी रोजिना परियारको घर नजिकको बाटोमा जाँदा निजलाई सो स्थानमा नदेखेपछि निजलाई मोटरसाईकल पछाडी राखी निज र म जिस्कदै उजेलीनगर तर्फ आउदै थियौ, निजसंग जिस्कदा जिस्कदै शारीरिक सम्पर्क राख्न मन लागि दुवै जनाको सहमतिमा सोही राती अं. २०:३० को समयमा जिल्ला चितवन भरतपुर म.न.पा. वडा नं. २२ पकौडी स्थितमा रहेको बाटो देखि अं. १५ मिटर दुरीमा रहेको धान खेतमा गई निजको पाइन्ट र पेन्टी खोली दिई मैले आफ्नो पाइन्ट र पेन्टी खोली भुई जमिनमा सुताई निजको योनीमा मेरो लिङ्ग प्रवेश गराउन खोज्दा निज चिच्याई रोए पछि मैल छोडी दिएको भनी बयान गरेको देखिन्छ।

३६. प्रमाण ऐन, २०३१ को दफा ९ अनुसार अधिकार प्राप्त अधिकारी समक्ष भएको साविती बयानलाई अन्यथा प्रमाणबाट खण्डन नभएसम्म प्रमाणको रूपमा ग्रहण गर्नु पर्ने हुन्छ। अनुसन्धानको बयानलाई अन्यथा हो वा अनुचित रुपमा गराइएको भन्ने देखिने कुनै ठोस प्रमाण पेश नभए सम्म उक्त बयान स्वेच्छाले नै दिइएको मान्नु पर्ने हुन्छ। साविती बयानलाई अन्यथा हो भनी प्रमाणित गर्ने प्रमाणको भार सो बयान गर्ने व्यक्तिमा नै निहित रहन्छ। अधिकार प्राप्त अधिकारी समक्षको साविती बयान अन्यथा हो भन्ने कुराका लागि केवल मौखिक भनाई मात्र पर्याप्त हुँदैन। त्यस्तो भनाई वस्तुनिष्ठ र ठोस प्रमाणबाट पुष्टि गर्न सक्नु पर्दछ। प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानलाई अन्यथा हो भनी अदालतको बयानमा जिकिर लिएकै आधारमा मात्र अधिकार प्राप्त अधिकारी समक्ष भएको प्रतिवादीको बयान अमान्य हुने भन्ने हो वा प्रमाणमा लिन इन्कार गर्ने हो भने अनुसन्धानमा बयान गराउनु पर्ने कानूनी प्रयोजन नै समाप्त हुने हुन्छ।

७. अधिकार प्राप्त अधिकारी समक्षको बयान जुनसुकै अवस्थामा पनि प्रमाणमा ग्रहण हुन्छ भन्ने होइन। यो त मिसिलबाट देखिएको वारदातको परिस्थिति, प्रकृति, सम्बद्ध तथ्य, अन्यथा हो भनी प्रतिवादीले लिएको जिकिर पुष्टि हुने प्रमाण लगायत मिसिलबाट उपलब्ध अन्य प्रमाणहरूको समग्र मूल्यांकन गरी अदालतले यस्तो बयानको विश्वसनीयताको मुल्याङ्कन समेत गर्दछ। अधिकार प्राप्त अधिकारी समक्ष भएको साविती बयान डर, त्रास, भय, यातना वा यस्तै अनुचित रुपमा गराएको प्रमाणबाट पुष्टि नभएसम्म सो बयान प्रमाणको रूपमा लिनुपर्छ भन्ने प्रमाण कानूनको मान्यता र सिद्धान्त हो। साथै अधिकार प्राप्त अधिकारी समक्षको बयान अन्य प्रमाणबाट समर्थित हुन्छ भने यस्तो बयानलाई प्रमाणमा ग्रहण गर्न सकिने नै हुन्छ। प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्षको साबिति बयान अन्यथा थियो भनी कुनै ठोस तथा बस्तुनिष्ठ प्रमाण पेश गरी उक्त बयानलाई खण्डन गर्न सकेको देखिंदैन। यसरी यी प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष गरेको सो साविति बयानलाई अन्यथा हो भन्ने कुरा कुनै बस्तुनिष्ठ तथा विश्वास योग्य प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा सो साविति बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) को कानूनी व्यवस्थाबमोजिम निज प्रतिवादीको विरुद्ध प्रमाण ग्राह्य देखियो।

८. माथि विभिन्न प्रकरणहरुमा उल्लेख र विश्लेषण गरिए अनुसार प्रतिवादी उपर किटानी जाहेरी परी जाहेरवालाले अदालतमासमेत सो जाहेरी समर्थित हुने गरी बकपत्र गरेको, नाबालिक पीडितले आफूमाथि यी प्रतिवादीले जबरजस्ती करणी गरेको भनी अनुसन्धानका क्रममा कागज गरी अदालतमा पनि बकपत्र गरेको र प्रतिवादी अधिकार प्राप्त अधिकारी समक्ष सावित रही बयान गरेको र पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदन र घटनास्थल मुचुल्काबाट पीडितको शरीरमा र खुट्टाहरुमा माटो र बालुवा रहेको व्यहोरा उल्लेख भएको समेतका प्रमाणबाट प्रस्तुत मुद्दामा पीडित उपर प्रतिवादीले जबरजस्ती करणीजन्य कसूरको वारदात घटित गराएको कुरा स्थापित भएको अवस्था छ। यस अवस्थामा आरोपित कसूरबाट सफाई पाउनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिदैन।

३९. **दोस्रो प्रश्न अर्थात प्रस्तुत वारदात अभियोग दावीबमोजिम जबरजस्ती करणीको पूर्ण कसूर हो वा सुरुले ठहर गरे अनुसार जबरजस्ती करणीको उद्योगको कसूर हो?** भन्ने सम्बन्धमा हेर्दा, अपराधको परिणामका आधारमा फौजदारी दायित्व बहन गराउने क्रममा अपराधलाइ पूर्ण अपराध र अपूर्ण अपराध अर्थात उद्योगका आधारमा विभाजन गरिन्छ। कुनैपनि कसूरको उद्योग त्यस्तो स्थिति हो, जहाँ अपराधिक परिणामका लागि मनसाय राखी अन्तिम तहसम्मको कार्य भएको हुन्छ तर कुनै कारणले परिणाम प्राप्त हुदैन। फौजदारी विधिशास्त्र बमोजिम कुनै आपराधिक कार्य गर्नको लागि आपराधिक मनसाय बमोजिमको तयारी पूरा गरी सकेपछि त्यस्तो आपराधिक कार्य गर्न चाहने व्यक्तिले आफूले चाहेको निषेधित परिणाम प्राप्त गर्नको लागि गरेको कुनै पनि भौतिक कार्य वा आपराधिक कार्यले अपेक्षित परिणाम ल्याउन नसकेको अवस्थामा कुनै कसूरको उद्योगको कसूर कायम हुने हुन्छ। उद्योग ठहर्नको लागि अभियुक्तले कसूरको तयारी गरेर मात्र पुग्दैन। तयारी भन्दा अघि उसले पूर्ण अपराध घटाउन सारभूत रूपमा प्रयासहरू गरेको हुनुपर्छ। कसूरको उद्योग ठहर गर्नका लागि निजमा पूर्ण अपराधमा हुनुपर्ने मनसाय लगायतका सबै तत्वहरु विद्यमान हुनुपर्ने हुन्छ। कसूरको उद्योग स्थापित हुनका लागि अभियुक्तले वारदात घटाउने मनसायका साथ सो तर्फ गंभीर प्रयास गरेको र सो कार्य खतरनाकरूपले पूर्ण अपराधको नजिक पुगेको (Dangerous proximity to the end) हुनु पर्छ। यस हिसावले जबरजस्ती करणी गर्ने मनसायसाथ तयारीका चरण पार गरी करणी गर्नका लागि पीडितलाई समात्ने लडाउने वा पीडितका भित्री कपडा खोल्ने र पुरुष लिङ्ग महिला योनीमा छुवाउने प्रयास गर्नेसम्मको कार्य भएको तर कुनै कारणले त्यस्तो कार्य सम्पन्न हुन नसकेमा जबरजस्ती करणीको उद्योगको कसूर हुने देखिन्छ। जबरजस्ती करणीको उद्योगको कसूरका लागि जबरजस्ती करणी गर्नेसम्मको अन्तिम कार्य भएर करणी कार्यको करिब वा ज्यादै नजिक पुगेको हुनु पर्छ। तर, अकस्मात कुनै अवरोधका कारणले त्यस्तो करणी हुन नपाएको अर्थात लिङ्ग योनीमा आंशिक रुपमा सम्म पनि प्रवेश हुन नसकेको अवस्था हुनु पर्दछ।

४०. प्रस्तुत मुद्दाको तथ्यलाई उल्लिखित जबरजस्ती करणीका लागि आवश्यक तत्व र सैध्दान्तिक आलोकमा हेर्दा, पीडितलाई खेतमा सुताई करणी गर्ने उद्देश्यले निजको पाइन्ट

र.पेन्टी कट्टु खोली आफ्नो लिङ्ग निजको योनीमा छिराउन लाग्दा निज चिच्याई .रोएपछी छाडी दिएको हुँ भनी प्रतिवादीले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गरेको देखिएबाट प्रतिवादीले पीडितलाई करणी गर्ने उद्देश्यले एकान्त स्थलमा लगी लडाई कपडा खोली लिङ्ग योनीमा छिराउन खोजेको तर पीडित चिच्याएको कारणबाट लिङ्ग योनीमा प्रवेश गराउन नपाएको अवस्था देखिन्छ। लिङ्ग योनीमा आंशिक प्रवेश भएपनि करणी हुने हुन्छ तर आंशिक रुपमा पनि लिङ्ग पीडितको योनीमा प्रवेश गराएको भन्ने देखिदैन।

४१. पीडितको स्वास्थ्य परीक्षण प्रतिवेदनमा perineum, vegina, perianal area and anal orifice - normal, orals cavity- normal का साथै hymen – no bleeding उल्लेख भएको देखिन्छ र प्रतिवादीको कट्टु परीक्षणका लागि पठाइएकोमा केन्द्रिय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट semen could not be detected exhibit no 1, hair could not be detected exhibit no 1 भनी प्रतिवेदनमा उल्लेख भएको पाइन्छ। यसैगरी पीडितको स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले पीडितको स्वास्थ्य परीक्षण गर्दा शारीरिक अवस्था- पुराना घाउँखतहरु थिए, नयाँ घाउँ चोटपटक, निलडाम तथा संघर्षका चिन्हहरु नभएको र मानसिक अवस्था समेत सामान्य रहेको तथा पीडितको शारीरिक परीक्षण गर्दा जवरजस्ती करणीको शारिरीक नयाँ घाउ, खतमा चिन्हहरु देखिएको थिएन, सो आधारमा करणी भए नभएको एकिनका साथ खुलाउन सकिँदैन भनी सुरु अदालतमा बकपत्र समेत गरेको देखिन्छ। पीडितको यस शारीरिक परीक्षण प्रतिवेदन र विशेषज्ञको बकपत्रबाट पनि पीडितलाई करणी भएको कुनै संकेत रहे भएको पाइएन। यस अवस्थामा करणीको पूर्ण अपराध भएको भन्न सकिने अवस्था छैन।

४२. प्रस्तुत मुद्दामा पीडितको बकपत्र तथा प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको बयान लगायतका मिसिल संलग्न समग्र प्रमाणबाट यी प्रतिवादीले जबरजस्ती करणी गर्ने मनसायका साथ पीडितलाई सुनसान स्थलमा लगी लडाई पीडितको कपडा खोली जबरजस्ती करणी गर्न लिङ्ग योनीमा छिराउन खोजी सारभूत र गंभीर प्रयास गरी सो कार्य खतरनाकरूपले पूर्ण अपराधको नजिक पुगेको (Dangerous proximity to the end) देखिएको छ। तर पीडित चिच्याएको कारणबाट जबरजस्ती करणीको पूर्ण कसूर हुन नपाएको देखिन्छ। यसरी यी प्रतिवादीले जबरजस्ती करणी गर्ने मनसायसाथ तयारीका

चरण पार गरी करणी गर्नका लागि पीडितलाई समात्ने लडाउने वा पीडितका भित्री कपडा खोल्ने र पुरुष लिङ्ग महिला योनीमा छिराउने प्रयास गर्नेसम्मको कार्य भएको तर पीडित चिच्याएको कारणले त्यस्तो कार्य सम्पन्न हुन नसकेको देखिएकोले अभियोग दावीबमोजिमको पूर्ण कसूर मान्न मिलेन। प्रतिवादीले जबरजस्ती करणीको उद्योगको कसूर गरेको देखियो।

४३. अब, तेस्रो प्रश्न अंर्थात **प्रतिवादीबाट पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने हो वा होइन ?** भन्ने सम्बन्धमा हेर्दा, प्रतिवादीको सम्पत्ति नदेखिएकोले नेपाल सरकारबाट रु. १,००,०००।– क्षतिपूर्ति पीडितले भराई पाउने समेत ठहरी भएको शुरु फैसलालाई उच्च अदालतबाट उल्टी गरी पीडितलाई क्षतिपूर्ति दिनु नपर्ने भनी भएको फैसला भएको देखियो। उच्च अदालतबाट जबरजस्ती करणी उद्योगको कसूर ठहर भएको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम क्षतिपूर्ति भराइरहन नपर्ने भनी फैसला भएको देखिन्छ। यस सन्दर्भमा पीडितलाई क्षतिपूर्ति प्रदान गर्नुपर्ने सैद्धान्तिक र दार्शनिक अवधारणा, अन्तर्राष्ट्रिय मान्यता र नेपालको संवैधानिक तथा कानूनी व्यवस्थाको संक्षिप्त रुपमा चर्चा गर्नु आवश्यक देखियो।

४४. अपराधबाट पीडित भएको व्यक्तिलाई अपराधबाट परेको पीडाबापत कसूरदारबाट दायित्व वहन गराउनु फौजदारी न्यायको एक महत्वपूर्ण पक्ष हो। अपराधबाट पीडितलाई भएको हानी नोक्सानी र क्षति वा पीडा तथा पुगेको आघातको **(Pain and Suffering)** परिपूर्ति वा पूर्ववत पुनर्स्थापित हुनु पर्ने हुन्छ। यस्तो हानी वा पीडा भएको कुराको पूर्ति गराउने वा हानी नोक्सानीबापत व्यहोर्नु पर्ने दायित्व क्षतिपूर्ति हो। गल्ति गर्नेले त्यस्तो गल्तिबाट भएको क्षतिमा दायित्व व्यहोर्नु पर्छ भन्ने मान्यताका आधारमा क्षतिपूर्तिको अवधारणा विकास भएको हो। क्षतिपूर्तिको व्यवस्था **restitutiou entegrum (la réparation intégrale)** अर्थात पूर्ण परिपूरणको सिद्धान्तबाट दिशानिर्देश छ।

४५. पीडितमाथि परेको मानसिक वा शारीरिक आघात, पीडा वा आर्थिक क्षतिको परिपूरण नै हो। क्षतिपूर्तिको मुख्य उद्देश्य र दार्शनिक पक्ष भनेको पीडितको पूर्वावस्थाको प्राप्ति (Victim Recovery) वा पीडितलाई पूर्व अवस्थामा फर्काउनु नै हो। क्षतिपूर्तिको मुख्य उद्देश्य

पीडितको पूर्वावस्थाको प्राप्तिको समिपसंग सम्बन्धित हुन्छ।[1] क्षतिपूर्तिले पीडितको अधिकारलाई पनि संरक्षित गरेको हुन्छ। क्षतिपूर्तिको व्यवस्था पीडित मैत्री न्याय प्रणालीको एक महत्वपूर्ण आधार पनि हो। क्षतिपूर्तिले पुनस्थापकीय न्यायको मान्यतालाई आत्मसात गरेको पाइन्छ। पीडितले क्षतिपूर्ति पाउने कुरा अन्तर्राष्ट्रिय मानव अधिकार कानूनमा पनि व्यवस्थित रहेकाले यो मानव अधिकारको विषय पनि हो।

४६. उपचारका विभिन्न माध्यममध्ये क्षतिपूर्ति पनि एक शसक्त माध्यम हो। पीडितले भोग्नु परेको क्षतिका निमित्त राष्ट्रिय कानूनले व्यवस्था गरे अनुसार उनीहरुलाई न्यायको संयन्त्र र तदारुख्ताका साथ पुनरुद्धारको पहुँच पाउन, अपराधी वा तिनको कार्यव्यवहारका लागि जिम्मेवार तेस्रो पक्षले पीडित र तिनका परिवार वा आश्रितहरुलाई स्वच्छ रुपमा परिपूरण वा हर्जाना प्रदान गर्नु पर्ने, पीडितका लागि क्षतिपूर्तिका निमित्त राष्ट्रिय कोषको स्थापना, सुदृढीकरण, विस्तार र सहायता पाउने जस्ता पीडितका अधिकारको अन्तर्राष्ट्रिय रुपमा [2] सुनिश्चितता गर्ने प्रयास भएकोले क्षतिपूर्ति पीडितका अधिकारहरुमध्ये एक महत्वपूर्ण अधिकार र फौजदारी न्यायको आधारभूत विषयको रुपमा स्थापित गरिएको मान्न सकिन्छ। यसलाई राज्यका राष्ट्रिय कानूनहरुले आन्तरिकरण गरेको अवस्था छ।

४७. नेपालको वर्तमान संविधानमा अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुने र अपराध पीडितलाई कानुन बमोजिम

---

[1] ने.का.प. २०७३ अंक ७ नि.नं ९६३३

[2] अपराध र अख्तियारको दुरुपयोग पीडितका लागि न्यायसम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र, १९८५ र यसका अतिरिक्त विभिन्न महासन्धिहरुमा पनि पीडितको क्षतिपूर्ति पाउने अधिकारलाई स्थापित गरिएको छ। यसरी नै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्ड विरुद्धको महासन्धि, १९८४, अन्तरदेशीय संगठित अपराध सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, २०००, बालबालिका बेचबिखन, बाल वेश्यावृत्ति तथा बाल अश्लील चित्रण सम्बन्धमा व्यवस्था भएको बाल अधिकार महासन्धिको स्वेच्छिक प्रोटोकल, २००२,अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम विधान, १९९०, भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि,२००३ र अन्तर्राष्ट्रिय मानवाधिकार र मानवीय कानुनको गम्भीर उल्लघंनबाट पीडितको अधिकार सम्बन्धी आधारभूत सिद्धान्त र मार्गनिर्देशिका, २००५ लगायतका अन्तराष्ट्रिय दस्तावेजमा पीडितले क्षतिपूर्ति पाउने अधिकारलाई स्थापित गरिएको छ।

सामाजिक पुनरुस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हकको प्रत्याभूति गरिएको छ।[3] मुलुकी अपराध संहिता, २०७४ अन्तरगत संविधानमा भएको व्यवस्था अनुरुप नै अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारवाही सम्बन्धी जानकारी पाउने हक हुने र अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनरुस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने कुरालाई फौजदारी न्यायका सामान्य सिद्धान्तको रुपमा राखिएको छ।[4] यस संहिताका प्रायजसो कसूरमा कसूरदारबाट पीडितले क्षतिपूर्ति पाउने व्यवस्था गरिएको छ। यस संहितामा क्षतिपूर्ति एक सजायको रूपमा[5] राखिएको देखिन्छ। मुलुकी अपराध संहिताले गरेका प्रायजसो कसूरमा प्रतिवादीबाट पीडितले क्षतिपूर्ति भराइ पाउने व्यवस्था गरिएको छ।[6] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा सजाय निर्धारण गर्दा विचार गर्नु पर्ने गरी सजायका उद्देश्यका व्यवस्थाहरू मध्ये पीडितलाई क्षतिपूर्ति सहित न्याय प्रदान गर्ने, कसूरदारलाई समाजमा पुनर्स्थापना गर्न सहयोग गर्ने वा सुधार गर्ने, कसूरदारलाई आफ्नो कार्यप्रति पश्चाताप बोध गराई पीडित व्यक्ति वा समुदायलाई हानि नोक्सानी भएको छ भन्ने कुराको अनुभूति गराउनेसमेतका उद्देश्यहरू[7] राखिएको देखिन्छ। अपराध पीडित संरक्षण ऐन, २०७५ को प्रस्तावनाबाट पीडितले कसूरबाट क्षतिपूर्ति सहितको न्याय पाउने समेतका व्यवस्था गर्न सो ऐन जारी भएको देखिन्छ। सो ऐनको दफा १९ मा क्षतिपूर्ति पाउने पीडितको अधिकार हो भनी स्थापित गरिएको छ। यस ऐनमा अन्तरिम क्षतिपूर्ति र क्षतिपूर्ति[8] तथा क्षतिपूर्ति शुल्क[9] समेतका व्यवस्था पनि गरिएको छ। साथै, क्षतिको परिभाषा दिदै क्षतिपूर्ति निर्धारणका आधारहरु पनि व्यवस्था गरिएको छ। यस ऐनमा कुनै कसूरको उद्योगको कसूरमा

---

[3] ऐ.ऐ. धारा २१

[4] मुलुकी अपराध संहिता, २०७४ को दफा ३२

[5] ऐ.ऐ. दफा ४०

[6] उही, उदाहरणका लागि दफा ७३, ९९, १२७, १३६, १४५, १५३, १६९, १८६, १९८, २०४, २१७, २२८, २३९, २५४, २८२, २८५, ३०३, ३०७ आदि

[7] फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १३

[8] ऐ.ऐ. परिच्छेद ४

[9] ऐ.ऐ. परिच्छेद ५

क्षतिपूर्ति नपाउने गरी सीमित गरिएको अवस्था पनि छैन। यस्तो अवस्थामा जवरजस्ती करणीको उद्योगको कसूरमा क्षतिपूर्ति नपाउने भनी अर्थ गर्न न्यायिक र कानूनसँग सुसंगत हुने देखिएन।

४८. यस अदालतबाट 'घ' कुमारीको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी सागर भट्टसमेत भएको जबरजस्ती करणी मुद्दामा[10] फौजदारी न्याय प्रणालीले सम्बोधन गर्नुपर्ने धेरै विषयहरूमध्ये एउटा महत्त्वपूर्ण विषय भनेको पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने पनि रहेकाले फौजदारी न्याय प्रणालीले पीडितको क्षतिलाई संवोधन गर्नुपर्ने र पीडितलाई उपलब्ध गराइएको आधारमा फौजदारी न्याय प्रणालीका मापन हुनुपर्ने भनी स्पष्ट रुपमा उद्घोष गरिएको छ। फैसलामा भनिएको छः

> कुनै पनि न्याय प्रणालीको सफलता त्यसले पीडितलाई पुग्न गएको क्षतिलाई यथोचित सम्बोधन गरी निजको मनमा पर्न गएको त्रासलाई हटाई न्यायको अनुभूति दिलाउनु, समाजलाई सुरक्षा तथा अभियुक्तलाई समाजमा पुनर्स्थापना गरी समाजमा शान्ति, सहअस्तित्व तथा मानवीयता कायम गर्न सफल रहनुमा नै हुन्छ। साथै अपराध गर्ने व्यक्तिलाई कति सजाय निर्धारण गरियो भन्ने आधारमा नभई अपराधबाट पर्न गएको क्षति कति हदसम्म सम्बोधन गरियो भन्ने आधारमा सफलता नापिनु पर्ने हुन्छ। फौजदारी कसुरको सन्दर्भमा क्षतिपूर्तिको उपयोगिता भनेको पीडितलाई अपराध हुनुपूर्वको स्थिति अर्थात् पुनर्स्थापना गर्ने र अपराधबाट परेको मानसिक र शारीरिक पीडाबाट उन्मुक्ति प्राप्त गराई सहज सामाजिक जीवनलाई निरन्तरता दिन सहयोग गर्ने हो। पुनर्स्थापना र क्षतिपूर्तिसहितको न्यायको हक अपराध पीडितको नैसर्गिक हक हो। यस हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नु अदालतको दायित्व हो।

४९. कसूरदारलाई सजाय गर्ने कुराका अतिरिक्त पीडितलाई कसूरदारबाट क्षतिपूर्ति तथा विगोहरू भराउने कुरा सजाय निर्धारण कै एक पक्षको रूपमा रहेको हुन्छ। त्यसैले सजाय निर्धारणका क्रममा पीडितको क्षतिपूर्ति पाउने अधिकार पनि संरक्षित हुनु पर्ने

[10] ने.का.प. २०७६ अंक १२ निनं १०४०८

हुन्छ। पीडितको न्यायका सन्दर्भमा क्षतिपूर्तिको विषय बिर्सनै नमिल्ने पक्ष हो। विगतमा नेपालको फौजदारी न्याय प्रणालीमा सीमित कसूरमा मात्र क्षतिपूर्तिको व्यवस्था रहेकोमा हाल क्षतिपूर्ति नेपालको फौजदारी न्याय प्रणालीको अभिन्न अंग बनेको छ। फौजदारी कानूनमा क्षतिपूर्ति मूलत अपराध पीडितका लागि कसूरबाट परेको हानीको पूरण गर्ने कुरासंग सम्बन्धित मानिन्छ। कसैको कुनै कार्य वा अकार्यबाट पीडित भएको व्यक्ति नै अपराध पीडित हो। पीडितले केवल शारीरिक मात्र होइन मानसिक र आर्थिक क्षति पनि व्यहोरेको हुन सक्छ। त्यस्तो हानी नोक्सानी वा कसूरका लागि कसूरदारलाई कैद वा जरिवानाको सजाय मात्र पर्याप्त नहुन सक्छ। यदी कसूरदारलाई कैद वा जरिवाना सजायमात्र गरियो भने पीडितको अवस्थालाई पूर्ववत पुनर्स्थापित गर्ने पक्ष उपेक्षित हुन पुग्छ। पीडितको अवस्थालाई पुनर्स्थापित गर्ने वा त्यस्तो नोक्सानीलाई पूर्ति गर्न क्षतिपूर्ति शसक्त उपचारको माध्यम हो। यसैले, पीडितलाई परेको पीडा वा क्षतिको क्षतिपूर्ति भराउने कुरा फौजदारी न्यायका सन्दर्भमा एकदमै महत्वपूर्ण मानिन्छ।[11]

५०. परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ यस मुद्दाको अपराध पीडित हुन् भन्नें कुरामा कुनै विवाद छैन। कसूरको पूर्णता नभएको अवस्थामा पनि शारीरिक वा मानसिक वा अन्य किसिमको क्षति भएको हुन सक्दछ। पीडितलाई पुगेको क्षतिका आधारमा कुनै कसूरको उद्योगको कसूरका पीडितले क्षतिपूर्ति पाउने अधिकार राख्दछन्। यदी कुनै व्यक्ति कुनै पनि कसूरबाट पीडित हुन्छ भने संविधान र कानून अनुसार क्षतिपूर्ति पाउने अधिकारबाट निजलाई बञ्चित गर्न मिल्दैन। जबरजस्ती करणी उद्योगको कसूरमा क्षतिपूर्ति नपाउने भन्नु कानूनी, तार्किक र न्यायिक कुनै पनि दृष्टिकोणबाट उपयुक्त हुन सक्दैन। पीडितको क्षतिपूर्तिको अधिकार संरक्षण गर्नु अदालतको पनि दायित्वको विषय हो।

५१. मुलुकी अपराध संहिता, २०७४ कों यसै परिच्छेद १८ को करणी सम्बन्धी कसूर अन्तर्गतको दफा २२८ मा स्पष्ट रुपमा *दफा २२० (हाडनाता करणी गर्न नहुने) र २२६ (अप्राकृतिक मैथुन गर्न नहुने) अन्तर्गतको कसूरबाहेक यस परिच्छेद बमोजिमको अन्य कसूरबाट पीडित व्यक्तिलाई कसूरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ* भन्ने

[11] https://www.lawctopus.com/academike/theories-of-compensation-in-criminal-law/

व्यवस्था रहेको पाइन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ३४ मा ***कसैले कुनै कसूर गर्ने उद्योग गर्न नहुने भनी र कसूर गर्न उद्योग गर्ने वा गराउने व्यक्तिलाई त्यस्तो कसूरको लागि तोकिएको सजायको आधा सजाय हुनेछ*** भनी उल्लेख भएको पाइन्छ। पीडित उपर सोही परिच्छेद अन्तर्गतको जवरजस्ती करणीको कसूरको उद्योगको कसूर भएको देखिन्छ। कुनै कसूरको उद्योग पनि कसूर हो भन्ने कुरामा कुनै विवाद हुन सक्दैन। त्यसैले यस मुद्दाको पीडितले क्षतिपूर्ति पाउने नै देखिन्छ।

२. प्रस्तुत मुद्दाको पीडित परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ को उमेर वारदात हुँदा जम्मा १२ भई नाबालिका रहेको देखिन्छ। जबरजस्ती करणीको उद्योगबाट निज नाबालिकामा परेको मनोवैज्ञानिक र मानसिक असर तथा पीडितको सामाजिक, सास्कृतिक वा पारिवारिक प्रतिष्ठामा परेको प्रतिकुल प्रभाव समेतका पक्षलाई अनदेखा वा उपेक्षा गर्न मिल्दैन। कुनै कसूरका सम्बन्धमा मनसाय तयारीका चरण पार गरी कसूर सम्मन्न गर्ने तहको कार्य गरेको तर कुनै कारणले कसूर भई नसकेको अवस्थामा उद्योगको कसूर मानिने हो। यदी त्यस्तो उद्योगको कसूर हुँदा पीडितलाई कुनै हानी नोक्सानी भएको रहेछ र त्यस्तो उद्योगसंग सम्बन्धित मुल कसूरमा क्षतिपूर्तिको व्यवस्था रहेछ भने उद्योगको कसूरमा पनि पीडितलाई भएको हानी नोक्सानीमा क्षतिपूर्ति पाउने अधिकार स्वतः अन्तरनिहित रहेको हुन्छ। जबरजस्ती करणीको पूर्ण अपराध नभएको र कसूरको उद्योगमात्र भएकोमा क्षतिपूर्ति भराउन इन्कार गर्दा पीडितको क्षतिपूर्ति पाउने अधिकारमा आघात पर्ने तथा कानूनले क्षतिपूर्ति भराउनुपर्ने गरी गरेको कानूनी व्यवस्थाको प्रतिकुलसमेत हुन्छ। यस अवस्थामा जबरजस्ती करणीको उद्योगमा क्षतिपूर्ति भराउन नपर्ने भनी उच्च अदालतबाट भएको फैसला सो हदमा मिलेको देखिएन।

१३. माथिल्ला प्रकरणमा उल्लेख र विश्लेषण गरिएअनुसार प्रतिवादी राजन वि.क.ले पीडितलाई जबरजस्ती करणीको उद्योगको कसूर गरेको देखिएकाले निजलाई सो कसूरमा सजाय गरेको हदमा उच्च अदालतको फैसला मिलेको भएपनि क्षतिपूर्ति नभराएको हदमा सम्म फैसला मिलेको नदेखिएकाले पीडितलाई क्षतिपूर्ति भराउनु पर्ने देखियो। मालपोत कार्यालयबाट प्राप्त सुरु मिसिल संलग्न पत्रबाट प्रतिवादीको कुनै सम्पत्ति नदेखिई निजबाट पीडितले क्षतिपूर्ति पाउन सक्ने अवस्था नभएकाले पीडित राहत कोषबाट पीडितलाई

क्षतिपूर्ति भराउनु पर्ने अवस्था रहेको पाइयो। अभियोग माग दावीबमोजिम जबरजस्ती करणीको पूर्ण अपराधमा सजाय गरी पाउँ भन्ने हदमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा विद्वान उपन्यायाधिवक्ताको बहससंग सहमत हुन सकिएन। साथै आरोपित कसूरबाट पूर्ण रुपमा सफाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर र निज तर्फबाट रहनु भएका विद्वान अधिवक्ताको बहससंग पनि सहमत हुन सकिएन।

५४. अतः माथि विवेचित आधार कारण र प्रमाणसमेतबाट प्रतिवादीले जबरजस्ती करणी उद्योगको कसूर गरेको ठहर गरी मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को देहाय (ख) को आधारमा र ऐ. संहिताको दफा ३४ अनुसार ७ वर्ष कैद सजाय गर्ने गरेको उच्च अदालत पाटन हेटौडा इजलासको मिति २०७७।८।१६ को फैसला सो हदसम्म मिलेकै देखिंदा सदर हुने र जबरजस्ती करणी उद्योगको कसूरमा पीडितलाई क्षतिपूर्ति भराई दिन नपर्ने गरी भएको हदसम्म सो फैसला मिलेको नदेखिंदा केही उल्टी भई मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम पीडितलाई परेको मानसिक, मनोवैज्ञानिक असर तथा सामाजिक, सांस्कृतिक र पारिवारिक प्रतिष्ठामा परेको प्रतिकुल प्रभाव समेतलाई दृष्टिगत गरी प्रतिवादीबाट क्षतिपूर्ति भराउनुपर्ने देखिएकोमा निजको सम्पत्ति नभएकाले पीडित राहत कोषबाट रु.१,००,०००।– (एक लाख) पीडितलाई क्षतिपूर्ति भराई दिने ठहर्छ। सो बाहेकको वादी नेपाल सरकारको अन्य पुनरावेदन जिकिर र प्रतिवादीको पुनरावेदन जिकीर पुग्न सक्दैन। अरुमा तपसील बमोजिम गर्नू।

## तपसील खण्ड

१. माथि ठहर खण्डमा लेखिएबमोजिम उच्च अदालत पाटन, हेटौडा इजलासबाट मिति २०७७।८।१८ मा भएको फैसला केही उल्टी भई पीडित परिवर्तित ३५ भरतपुर (२१) ०७५/०७६ ले पीडित राहत कोषबाट रु.१,००,०००।– (एक लाख) क्षतिपूर्ति भराई पाउने ठहरेकोले उक्त क्षतिपूर्ति रकम भराई पाउँ भनी निवेदन परे पीडित राहत कोषबाट सो क्षतिपूर्ति भराइदिनु भनी सुरु जिल्ला अदालतमा लेखी पठाउनू।

२. प्रस्तुत फैसलाको जानकारी महान्यायधिवक्ताको कार्यालयलाई दिनू।

३. प्रस्तुत फैसला विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानूसार अभिलेख शाखामा बुझाईदिनू।

(महेश शर्मा पौडेल)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

इजलास अधिकृतः रोदिप सुनाम
कम्प्युटर अपरेटरः रामशरण तिमल्सिना
इति सम्बत् २०८१ साल भाद्र १२ गते रोज ४ शुभम्........................................।